नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको
सिलबन्दी बोलपत्र आव्हानको सूचना
(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०८/१३)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अपरेशन एयरलाईन्स भवन तथा आन्तरिक टर्मिनल भवन अगाडि तोकिएको ७७५५.४ व.मि. क्षेत्रफल रहेको पार्किङ्ग क्षेत्रमा सवारी साधन विसान सेवा शुल्क उठाउने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/फर्म/संस्था/कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही खामको बाहीर कुन प्रस्ताव हो स्पस्ट रुपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को वाहिर खाममा सिलवन्दी गरी वोलपत्र फाराम पेश गनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. यो सूचना प्रकाशित भएको मितिले ७ (सातौ) दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंक, गौचर शाखामा रहेको यस कार्यालयको खाता नम्बर १६९०१००००००११००६ मा रु. ३३९०/— (अक्षरेपीः तिन हजार तिन सय नब्बे रुपैंया मात्र ) (मूल्य अभिवृद्धि कर सहित) जम्मा गरी (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice) नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेस गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ७ (सात) दिन भित्र खरिद गरी ८ (आठौं) औ दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नु पर्नेछ ।दाखिला हुन आएका बोलपत्रहरु ८ (आठ) औ दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

३. बोलपत्र साथ रजिस्टर्ड फर्म/कम्पनी दर्ता प्रमाण पत्र नविकरण सहित सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त ईजाजत पत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आ व २०८०।०८१ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, सञ्चालकको नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र पेस गर्नु पर्नेछ ।

४. सवारी साधन विसान शुल्क उठाउने सेवा सञ्चालनको ठेक्का अवधि ३ (तीन) महिनाको हुनेछ । सो अवधिको न्यूनतम ठेक अङ्क मु.अ.क.सहित रु.१,०,८०००००।/- (अक्षरेपीः एक करोड आठ लाख मात्र) मुअकर सहित कायम गरिएको छ

५. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्म/सस्था वा कम्पनी र सो फर्म संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको फर्म/संस्था वा कम्पनीले सो बक्यौता फछ्यौट गरेको कागजात बोलपत्र फाराम खरिद गर्नुपूर्व पेस गर्नुपर्नेछ ।

६. बोलपत्र साथ आफूले कवोल गरेको बहाल रकमको ५% ले हुने बोलपत्र जमानत रकम यस कार्यालयको रा.बा. बैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्बर १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौंचरलाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।केरमेट वा प्रष्ट सँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

९. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०.बोलपत्र स्वीकृत गर्ने वा जुन सुकै अवस्थामा रद्द गर्न सक्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११.बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२.यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलब्ध हुनेछ।

१३. स्विकृत बोलपत्र दाताले असुल उपर गर्न पाउने सवारी साधन विसान सेवा शुल्कको दररेट देहाय बमोजिमको हुनेछ।

| क्र.स | सवारी साधन | शुल्क(मल्य अभिवृद्धि कर सहित) |
|---|---|---|
| १ | मोटरसाईकल,स्कुटर,रिक्सा आदि | (क) प्रति घण्टा चालिस रुपैंया।<br>(ख) प्रति दिन दुई सय चालिस रुपैंया । |
| २ | कार, जिप,लिमोजिन,टेम्पो आदि | (क) प्रति घण्टा असी रुपैंया।<br>(ख) प्रति दिन चार सय असी रुपैंया । |
| ३ | हल्का सवारी साधन(मिनिबस,माइक्रोबस) आदि | (क) प्रति घण्टा एक सय रुपैंया ।<br>(ख) प्रति दिन छ सय रुपैंया । |
| ४ | बस ट्रक(गह्रौं सवारी साधन) आदि | (क) प्रति घण्टा एक सय पचास रुपैंया ।<br>(ख) प्रति दिन नौ सय रुपैंया । |

एम्वुलेन्स वाहक यात्रु, सववाहन जस्ता आपतकालीन उद्धारमा प्रयोग हुने सवारी साधनहरु **Diplomatic UN Agency** र प्राधिकरण र प्राधिकरणमा कार्यरत कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन हरुलाई विसान शुल्क उठाउन पाईने छैन। नियमित रुपमा विसान गर्ने सावारी साधनको एकमुष्ट मासिक दरले अग्रिम बुझाउनेलाई तीस दिनको लागि लाग्ने दस्तुरको दुई तिहाईले हुन आउने रकम मात्र लाग्ने छ।

१४.यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ

१५.यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१६.सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।